**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २३ अक्तूबर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**<u>मुख्य समाचार</u>**

१. प्रधान मन्त्री नरेन्द्र मोदीले २०४७ सम्ममा विकसित भारत निर्माण गर्न विभाजनकारी शक्तिहरू विरुद्ध समाजलाई एकजुट गर्नु आवश्यक रहेको बताउनुभयो।

२. केन्द्रीय वाणिज्य तथा उद्योगमन्त्री पीयूष गोयलले पश्चिम बंगालको चिया उद्योगको समृद्ध धरोहरलाई अझ सुदृढ बनाउन केन्द्र सरकारले राज्य सरकारसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

३. मुख्यमंत्री शुभेंदु अधिकारीले आदिवासी समाजको कल्याणका लागि राज्य सरकारले अब प्रतेक सप्ताह आदिवासी समुदायका मानिसहरुको घरसम्म पौष्टिक आहार पुर्याउने बताउनुभयो।

४. राज्यका स्वास्थ्य मंत्री शारद्वत मुखोपाध्यायले चाड-पर्वको समयमा सरकारी अस्पतालहरुमा चिकित्सकहरु साथै अन्य स्वास्थ्यकर्मिहरुको उपस्थिति कम्ती रहेकोमा अप्रसन्नता ब्तेक्त गर्नुभयो।

५. नेपालका वित्तमन्त्री डा. स्वर्णिम वागलेले नेपालमा हालै आएका प्राकृतिक आपदाका बेला भारतले उपलब्ध गराएको सहयोगप्रति आभार व्यक्त गर्नुभएको छ।

**<u>पीएम-चिन्मय महोत्सव</u>**

प्रधान मन्त्री नरेन्द्र मोदीले युवाहरू सधैं आफ्नो सरकारका नीति र पहलहरूको केन्द्र रहेको बताउनुभयो। आज नयाँ दिल्लीको भारत मण्डपममा चिन्मय अमृत महोत्सव विश्व सम्मेलनलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, विगत २५ वर्षदेखि आफ्नो क्षमताले भ्याएसम्म देशको सेवा गर्दै आएको छु। प्रधान मन्त्रीले भन्नुभयो, सरकारले देशको शिक्षा प्रणालीलाई नयाँ भारतको आवश्यकतासँग जोड्न राष्ट्रिय शिक्षा नीति ल्याएको छ। उहाले भन्नुभयो यो नीतिले भारतको समृद्ध परम्परा र ज्ञान, मातृभाषामा शिक्षा, आधुनिक विज्ञान र उदीयमान प्रविधिहरूको बारेमा सिकाउनेमा जोड दिन्छ। प्रधानमन्त्रीले सबै संस्थाहरूले राष्ट्रिय विकास र देशको गौरव बढाउने साझा लक्ष्यका लागि काम गर्नुपर्ने बताउदै विभाजनकारी तत्वहरूका विरुद्ध एकजुट हुनु, आत्मनिर्भरतालाई बढावा दिनुपर्ने र २०४७ सम्ममा विकसित भारत निर्माण गर्ने संकल्पमा सबै नागरिकहरूलाई समावेश गर्नुपर्नेमा जोड दिनुभयो। तीन दिने सम्मेलनमा देश-विदेशका नौ हजार सहभागीहरू सहभागी छन्। यो सम्मेलन चिन्मय मिशनको ७५ वर्ष पूरा भएको उपलक्ष्यमा वर्षभरि चल्ने समारोहको समापन हो। यो समारोह गत वर्ष प्रधान मन्त्रीले तमिलनाडुमा भगवद गीताको तमिल संस्करणको विमोचन गरेसँगै सुरु भएको थियो।

**<u>चिया उद्योग</u>**

केन्द्रीय वाणिज्य तथा उद्योगमन्त्री पीयूष गोयलले पश्चिम बंगालको चिया उद्योगको समृद्ध धरोहरलाई अझ सुदृढ बनाउन केन्द्र सरकारले राज्य सरकारसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। एक सोसियल मिडिया

पोस्टमा दार्जीलिङको विश्व प्रसिद्ध चिया सम्बन्धी छोटो भीडियो साझा गर्दै बंगालका पहाडहरूले असाधारण र विशिष्ट उत्पादन दिने बताउनु भयो। गोयलले भन्नुभयो, आफ्नो विशेष सुगन्ध र उत्कृष्ट मस्काटेल स्वादको लागि विश्वभरि प्रसिद्ध दार्जीलिङ चिया भारतको (जीआई) ट्याग प्राप्त उत्पादनहरूमध्ये एक हो। जसले पश्चिम बंगालको चिया उद्योगको पहिचान, परम्परा र आर्थिक महत्वलाई थप मजबुत बनाउछ। स्मरण रहोस दार्जीलिङ चिया आफ्नो प्राकृतिक सुगन्ध, हल्का स्वाद र मस्काटेल विशेषताको कारण विश्व बजारमा परिचित छ।

**सीएम शुभेंदु अधिकारी -घोषणा**

मुख्यमंत्री शुभेंदु अधिकारीले आदिवासी समाजको कल्याणका लागि एक ऐतिहासिक योजनाको घोषणा गर्नुभएको छ । यस अन्तर्गत राज्य सरकारले  अब प्रतेक सप्ताह आदिवासी समुदायका मानिसहरुको घरसम्म पौष्टिक आहार पुर्याउनेछ । यस योजना अंतर्गत चामल, दाल, तेल अनि सोयाबीन जस्ता आवश्यक खाद्य सामग्री सिधै उनीहरुको घरसम्म पुर्याईनेछ। आज  झाड़ग्रामको मानिकपाड़ा स्थित कालाझरिया गांवमा एक सरकारी कार्यक्रमलाई संबोधित गर्दै मुख्यमंत्रीले यो ठुलो घोषणा गर्नुभएको हो ।मुख्यमंत्री अधिकारीले स्पष्ट गर्नुभयो – यो नया पहल बर्तमानमा रहेको राशन योजना (पीडीएस) देखि पूर्णरुपमा बेग्लै अनि एउटा अतिरिक्त परियोजना हो जसको मुख्य उद्देश्य यो सुनिश्चित गर्नु हो कि आदिवासी समुदायक कोही पनि व्यक्ति, विशेष गरेर महिलाहरु अनि नानीहरु पौष्टिक भोजनबाट वंचित नरहुन । यस योजनाको उल्लेख हालै पेश गरिएको राज्यको बजटमा पनि गरिएको थियो । यस बाहेक मुख्यमंत्रीले आदिवासी अनि पछाडीएका बर्गहरुका लागि अन्य धेरै घोषणाहरु पनि गर्नुभयो । अनुसूचित जनजातिका लागि वृद्धावस्था पेंशनको राशि बढ़ाएर 1500 रुपियाँ प्रति महिना गरिएको छ । साथै आदिवासी समुदायका दुई लाख छात्र-छात्राहरुलाई प्रोत्साहित गर्नको लागि 800 रुपियाँको विशेष 'एसटी भत्ता' दिने घोषणा गरिएको छ ।

**मदारीहाट**

पश्चिम बंगाल सरकारको पहलमा मदारीहाट ब्लकअन्तर्गत टोटोपाडा (Totopara) मा विशेष जनजाति समुदायका परिवारको पोषण तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले एक विशेष कार्यक्रमको आयोजना गरिएको छ। कार्यक्रममा पार्यतीय मामिला मन्त्री बिशाल लामा राज्यमंत्री दीपक बर्मन, पद्मश्री धनिराम टोटो, विधायकहरु परितोष दास तथा लक्ष्मण लिम्बूसहित विभिन्न विशिष्ट व्यक्तित्वहरूको विशेष उपस्थिति रहेको थियो। कार्यक्रमको मुख्य उद्देश्य विशेष जनजाति समुदायका परिवारसम्म पौष्टिक आहार तथा खाद्य सुरक्षासम्बन्धी सुविधाहरू पुऱ्याउनुका साथै उनीहरूको जीवनस्तरमा सुधार ल्याउनु रहेको बताइएको छ। पश्चिम बंगाल सरकारको यस पहलले जनजाति समुदायको कल्याण, पोषण सुरक्षा तथा समावेशी विकासलाई प्राथमिकता दिएको जनाइएको छ। समाजका प्रत्येक वर्गसम्म जनकल्याणकारी योजनाको लाभ पुऱ्याउने र कुनै पनि परिवार पोषण तथा खाद्य सुरक्षाबाट वञ्चित हुन नपरोस् भन्ने लक्ष्यका साथ यस्ता कार्यक्रम सञ्चालन गरिँदै आएको उल्लेख गरिएको छ।

**स्वास्थ्य मंत्री -  बैठक**

राज्यका स्वास्थ्य मंत्री शारद्वत मुखोपाध्यायले चाड-पर्वको समयमा सरकारी अस्पतालहरुमा चिकित्सकहरु साथै अन्य स्वास्थ्यकर्मिहरुको कम्ती उपस्थिति माथि अप्रसन्नता ब्तेक्त गर्नुभएको छ । यस सम्बन्धमा उहाले आज स्वास्थ्य भवनमा आपात बैठक बोलाउनुभयो । बैठकमा सबै मेडिकल कॉलेजहरुका प्राचार्य, अधीक्षक, उप-प्राचार्य, सहायक अधीक्षक अनि सफाईकर्मिहरुलाई उपस्थित रहने निर्देश दिईएको थियो । कर्मचारिहरुलाई काम गर्नको लागि पनि निर्देश जारी गर्न पर्नेछ भनि स्वास्थ्य मंत्रीले प्रश्न गर्नुभएको छ ? मंत्रीले भन्नुभयो - सरकारी कर्मचारिहरुको जिम्मेवारी

जनता प्रति हुनुपर्छ किनभने सरकारी स्वास्थ्य सेवाहरु जनताको करले चल्ने गर्छ र यसैले सबैले आफ्नो जिम्मेवारी बुझ्नु पर्छ । स्वास्थ्य विभाग एक आपातकालीन सेवा हो , जहां चौबीसै घण्टा सातै दिन काम हुन्छ ।यसैले त्योहारहरुको नाममा सेवामा लापरवाही हुनुहुदैन ।

**कोलकाता-माओवादी आत्मसमर्पण**

मंगल र मालती नाम गरेका एक माओवादी दम्पतीले आज कोलकाता पुलिससमक्ष आत्मसमर्पण गरेका छन्। दुवै धेरै वर्षदेखि झारखण्डको सारंडा वन क्षेत्रमा सक्रिय थिए । उनीहरूले कोलकाताका पुलिस कमिश्नर अजय नन्दासमक्ष आत्मसमर्पण गरे र एक एके-47 र इन्सास राइफल बुझाए । मंगल पश्चिम मिदनापुरको सालबानी र मालती झारग्रामको गोपीबल्लभपुरका बासिन्दा हुन् । पुलिसका अनुसार मंगलविरुद्ध झारखण्डमा छ देखि सात वटा मुद्दा दर्ता छन् । उनलाई पक्राउ गर्नेलाई पाँच लाख र मालतीलाई पक्राउ गर्नेलाई दुई लाख इनाम दिने घोषणा गरिएको थियो। यसअघि यसै बर्षको जुनमा माओवादी नेत्री पुष्पा उर्फ शकुन्तलाले कोलकाता पुलिससमक्ष आत्मसमर्पण गरेकी थिइन भने यसको एक महिनाअघि वरिष्ठ माओवादी नेता श्रद्धा विश्वास उर्फ बेलालाई पुलिसले उत्तरी काशीपुर क्षेत्रबाट पक्राउ गरेको थियो ।

**दशैंको टिका**

दार्जीलिङ पार्वतीय क्षेत्र सगै देशका विभिन्न भागहरुमा छरिएर बसेका नेपाली समुदायको महान चाड दसैँको टिका लाउने क्रम तेस्रो दिन जारी रहेको छ भने यो क्रम आगामी पुर्निमा सम्म जारी रहनेछ। यसैबीच आज पनि पहाडका सहर बजार देखि गाउसम्मका मानिसहरु आ-आफ्नो ठुला-बड़ाहरुका हातबाट टिका लगाउन तथा एक-अर्कासित खुशियाली बाँड़ेर दशैं मनाउन व्यस्त देखिंन्थे। अर्कोतिर चाड़-पर्वको समय साथै दार्जीलिङ्ग पहाड़ी क्षेत्रमा मौसम आनन्दमय बनीरहनको कारण यहाँ पर्यटकहरुको भीड़ पनि बढ़्दै गइरहेको छ।

**दुर्गा पूजा-सम्पन्न**

सिलगडी अनि दार्जीलिंग पहाडी छेत्रमा यस बर्ष दुर्गा पूजा भारी सुरक्षा व्यवस्था अनि पुलिसको कडा सुरक्षा बीच शांतिपूर्ण अनि सुरक्षित वातावरणमा सम्पन्न भएको छ । चार दिनसम्म चलेको यस महापर्वको अवधि सिलगडी शहरमा कुनै पनि ठुलो अप्रिय घटनाको खबर प्रकाशमा आएन,जसले गर्दा सिलगडी वासिहरुले कुनै बाधा बिनै अबेर रातीसम्म आफ्नो परिवारसंग पंडालहरु घुमेर पर्वको पूरा आनंद उठाए । यस बर्ष कानून व्यवस्थालाई सर्वोच्च प्राथमिकता दिंदै सिलगडी मेट्रोपॉलिटन पुलिस द्वारा व्यापक तैयारि गरिएको थियो । शहरको सुरक्षाको लागि 2 हजार पुलिसकर्मिहरु तैनात गरिएको थियो । यसको साथै शहरमा आकाशबाट नाइट विजन कैमराहरु द्वारा निगरानी राखिएको थियो । महिलाहरुको सुरक्षाका लागि 'विनर्स' दस्ता अनि 'पिंक पेट्रोलिंग वैन' लगातार शहरमा सक्रिय रह्यो । पुलिस सुत्रहरु अनुसार, सिलगडी मेट्रोपोलिटन अन्तर्गत सात वटा थानाहरुको पुलिसले पूजाको यी चार दिनहरुमा वातारण बिगाड़ने, महिलाहरुसित अभद्र व्यवहार तथा मदिरा पिएर हंगामा वा कुटपीट गर्ने लगभग 255 बदमाशहरुलाई अघिबाटै पकराउ गरेको थियो ।

**नेपालका वित्तमन्त्री - आभार व्यक्त**

नेपालका वित्तमन्त्री डा. स्वर्णिम वागलेले नेपालमा हालै आएका प्राकृतिक विपद्का बेला भारतले उपलब्ध गराएको सहयोगप्रति आभार व्यक्त गर्नुभएको छ । नयाँ दिल्लीमा आयोजित विश्व शिखर सम्मेलन २०२६ को क्रममा

उहाले भारतीय विदेशमन्त्री डा. एस. जयशङ्करसँग नेपाल-भारत सम्बन्ध तथा क्षेत्रीय हितसँग सम्बन्धित विषयमा प्रत्यक्ष संवाद गर्नुभएको थियो।

**********